सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक

वर्षः ५ अंक १३१ २०८० साल, माघ ८ गते मंगलबार Tuesday 23 Jan, 2024 मूल्य रु. ५/- पृष्ठ : ४

## बाराले विकासको अथाह सम्भावना बोकेको छ : अर्थमन्त्री महत



***शुभम सन्देश,***
***बारा, ८ माघ***

संधिय सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महतले बारा जिल्लामा विकासको अथाह सम्भावना रहेको भन्दै त्यो सम्भावनाअनुसार काम नभएको बताएका छन्। यहाँका किसानलाई सुनकोशी मरिन डाइर्भसनले सिँचाइमा थप मद्दत पुग्ने उनले बताएका छन् ।

महागढीमाई नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनको समुद्घाटन समारोहलाई सम्बोधन गर्दै अर्थमन्त्री महतले यस जिल्लाको उत्पादन, उत्पादकत्व बढोस्, किसानको जीवनस्तर माथि उठोस् भन्ने सरकारको चाहना रहेको बताए ।

उनले भने, ‘कृषिका कारणले मात्र बारा महत्त्वपूर्ण होइन, सिमरा औद्योगिक करिडोर पनि यसै जिल्लामा रहेकाले धेरै उद्योग व्यवसाय स्थापित भएकोछ। अझै धेरै उद्योग व्यवसाय यस क्षेत्रमा आओस् भन्ने सरकारको चाहना पनि हो ।

यसले स्थानीय जनताको रोजगारी र आवश्यकतालाई थप सहयोग पुग्छ भने उनको भनाइ रहेको छ । खाद्यान्न र उद्योग व्यवसायका लागि बारा जिल्ला महत्वपूर्ण रहेको समेत मन्त्री डा.महतले बताए।

अर्थमन्त्री महतले तराईसँग काठमाडौँ जोड्ने द्रुतमार्गको निर्माण भइरहेको भन्दै उनले छिटो सम्पन्न गर्नुपर्छ भनेर सरकारले खबरदारी गरिरहेको बताए । यो मार्ग निर्माण भएपछि उनले बाराबाट एक दिनमा काठमाडौँ पुग्ने र काम सकेर फर्किन सकिने बताए ।

सोही क्रममा उनल केंन्द्र सरकार ले अब स साना योजनाको काम नगर्ने ३ करोड माथिको योजना केंन्द्र सरकारले र १ करोड भन्दा माथि प्रदेशले काम गर्ने गरि योजना ल्याउने डा. महतले जनाएका छन् । लोकतन्त्रको खिलाफमा दुस्प्रचार गर्नेहरुले त्यो दिन बिर्सेको छ जुनदिन आधा जनसंख्या खाली खुट्टा हिड्थ्यो एक मालिक र बाकी हुन्थ्यो अहिले जनताको सरकारहो अनि यसको बिरोध गर्नु लज्जास्पद हो हिजो अलि बोल्यो कि जेल जाने भैन्थ्यो आज बोल्न पाका छौ । बाटो बनाउनु भन्दा हाल मोआब्जा खर्च बढी भएको बताउदै धेरै बिकास कार्य धेरै अघि बढ्न नसकेको उनले बताए ।

केंन्द्र सरकारको साधन श्रोतले भ्याए सम्म महागढिमाई नगरपालिकालाई सहयोग गर्ने संघीय अर्थ मन्त्री डा. महतले जनाए । महागढिमाई नगर पालिकाका नगर प्रमुख उपेन्द्र प्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा उदघाटन कार्यक्रममा स्वागत मन्तव्य दिदै महागढीमाई नगरपालिकाका निमित प्रमुख प्रशासकिय अधिकृत .बिजय कुश्वाहाले २ बिगाहा छेत्रफलमा बनेको नवनिर्मित उक्त भवनमा ३० वटा कोठा,२ वटा सभा हल,६ सौचालय रहेको जानकारी गराए । सो भवन ३ करोड ९५ लाखको लागतमा शारदा चौधरी ज्वाईन्ट भेन्चर ले बनाएको प्रशासकिय अधिकृत कुश्वाहाले जनाए ।

यस्तै सोमबार बाराको सिम्रौनगढ छोटी भन्सार नाकाको अवलोकन तथा निरीक्षणका क्रममा मन्त्री डा. महतले जनतालाई धेरै भन्दा धेरै सुविधा दिने र राजश्व बढाउने नै सरकारको लक्ष्य भएको बताएका छन् । उनले भने स्थानीय जनताको आवश्यकतालाई पूर्ति गर्ने हिसाबले यो नाकालाई विस्तारै अगाडि बढाउँछौं र यसकालागि आवश्यक पूर्वाधार तयार पार्छौं उनले भने ।

उनले नेपाल-भारत सीमालाई व्यवस्थित गर्न स्थानीय पालिकाको भूमिका महत्वपूर्ण हुने बताए। ‘दैनिक जीवनमा किनबेच-आवतजावत सहज होस् भनेर सरकार लागेको छ। यसका लागि भारत पक्षसँग पनि कुरा गर्नुपर्ने हुन्छ। दोहोरो भयो भने यसले आकार र स्वरुप लिन्छ, विस्तार हुन्छ, मन्त्री डा.महतले भने।

सो अवसरमा नेपाली काग्रेंस मधेश प्रदेश उपसभापति चन्द्रशेखर कुमार यादव, बारा क्षेत्र नं. १ का क्षेत्रीय सभापति एवम् सिम्रौनगढ नगरपालिकाका पूर्व मेयर बिजयशंकर यादव, वीरगञ्ज भन्सार कार्यालयका प्रमुख डिलाराम पन्थी लगायतको उपस्थिती रहेको सिम्रौनगढमा अर्थमन्त्री महतलाई उद्योग वाणिज्य संघ सिम्रौनगढका अध्यक्ष लालबाबु प्रसाद कुशवाहाले स्वागत गरेका छन् ।

## कलैयामा अनलाइन पत्रीका बिश्वखबर डट कमको बिमोचन

***शुभम सन्देश,***
***बारा, ८ माघ***

अनलाईन पत्रिका www.bishwakhabar.com को सोमवार एक कार्यक्रमका बीच विमोचन गरिएको छ ।बीएमपी मिडिया प्रा.लि.ले संचालनमा लयाएको सो अनलाईन पत्रिकाको विमोचन कलैया उपमहानगर पालिकाका नगर प्रमुख विनोद साहले उद्योग वाणिज्य संघको सभाकक्षमा गरेका छन् । नगर प्रमुख साहले अनलाईन पत्रिकाको विमोचन गर्दै सत्यतथ्य समाचार सम्प्रेषण गर्न आग्रह गरे । उनले गलत सूचना सम्प्रेषणले पत्रकारिता क्षेत्रलाई बदनाम गराउने बताएका छन् ।

उक्त कार्यक्रममा नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दासले निष्पक्ष र व्यवसायिक पत्रकारिता गर्न आग्रह गरे ।

विमोचन कार्यक्रममा नेपाल पत्रकार महासंघका उपाध्यक्ष रामबाबु मेहता, उद्योग वाणिज्य संघका अध्यक्ष राजकुमार साह, नेपाल प्रेस युनियनका मधेस प्रदेश अध्यक्ष सत्य प्रकाश श्रेष्ठ , नेपाल शिक्षक संघका अध्यक्ष र ाजकिशोर सहनी, पुर्व अध्यक्ष लक्ष्मी साह, महासंघका पुर्व प्रदेश सदस्य सिकेन्द्र पासवान, प्रेस मंचका अध्यक्ष पवन यादव, कलैया उपमहानगर पालिकाका प्रेस सल्लाहकार संजय तिवारी, छापा माध्यम संजालका अध्यक्ष निवेश तिमिल्सिना, पत्रकार सुजित अर्याल लगायतकाले शुभकामना मन्तव्य ब्यक्त गरेका थिए ।

अनलाइन पत्रिकाका अध्यक्ष राकेश पाण्डेयको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अतिथि सम्पादक भोजराज भट्टराई, सम्वददाता अरुण कुमार साह, सम्पादक जयनारायण यादव लगायतले पत्रिकाको बारेमा जानकारी गराए बिमोचन कार्यक्रमको संचालन मुकेश यादवले गरेका थिए ।




## समाजवादी प्रेस सङ्गठन पर्साको सम्मेलन माघ १२ गते हुने




वीरगञ्ज। समाजवादी प्रेस सङ्गठन नेपाल पर्साको कार्य समिति बैठक आइतबार वीरगञ्जमा सम्पन्न भएको छ। सङ्गठन पर्साका सचिव अजय चौरसियाको अध्यक्षतामा बसेको बैठकले यही माघ १२ गते जिल्ला सम्मेलन गर्ने सर्व सहमतिबाट निर्णय गरेको छ । बैठकले जिल्ला सम्मेलन तयारीको लागि सङ्गठनका वरिष्ठ कार्य समिति सदस्य आशमहम्मद मियाँको संयोजकत्वमा ११ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति समेत गठन गरेको छ । आयोजक समितिको सदस्यहरूमा श्रीराम रौनियार, दीपेन्द्र गिरी, रञ्जित चौरसिया, दिपक कुशवाह, राम अनुप यादव, रामेश्वर चौरसिया, जय कुमार यादव, दिपक चौरसिया, राकेश कुमार जयसवाल लगायत रहेका छन् ।यसका साथै माघ १० गते भित्र सङ्गठन पर्साका सदस्यहरूको सदस्यता नवीकरण तथा इच्छुक श्रमजीवी सञ्चारकर्मीहरूलाई नयाँ सदस्यता वितरण गर्ने बैठकले निर्णय गरेको छ। त्यसको सम्पूर्ण जिम्मेवारी सम्मेलन आयोजक समितिका संयोजक आशमहम्मद मियाँलाई दिने निर्णय भएको छ।

बैठकले सङ्गठनका महासचिव रामकुमार ऐलन माथि कारबाहीको माग गरेको छ। ऐलनले समाजवादी पर्सा सङ्गठनलाई जानीजानी गुट-उपगुटमा विभाजित गर्दै आएको र विशेष अदालतले उनलाई भ्रष्टाचारी समेत ठहर गरिसकेकोले उनी

**बाँकी तेस्रो पृष्ठमा........**

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक: तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
कम्प्युटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरू...............

-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔं ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

परवानीपुर गाउँपालिकाको
कार्यालय बारा

# कहाँ छ सुशासन मेरो देशमा ?

केही दिनअघि वीरगन्ज सुक्खा बन्दरगाह कार्यालयमा लामो समयदेखि बवारिसे अवस्थामा रहेका करिब ३५० कन्टेनर खोलिए, कन्टेनर खोलिँदा आश्चर्यको अवस्था थियो । अधिकांश कन्टेनरमा बिल बिजकभन्दा फरक सामान आयात गरिएको थियो ।

४० फिटे कन्टेनरको पहिलो लहरमा बिल बिजक अनुसारको सस्तो सामान, दोस्रो र तेस्रो लहरमा महँगो सामान रहेको थियो । यी कन्टेनर छुटेका भए सिधै ग्रिन च्यानलबाट बिल बिजक अनुसारको सस्तो भन्सार तिरी बजार जाने थिए । भन्सारमा व्यवसायीको सहजताका लागि ग्रिन, एल्लो र रेड च्यानल खडा गरिएको हुन्छ । ग्रिन च्यानलबाट जाने सामानको ट्रक खोलिँदैन, चेक गरिँदैन । अर्थात् सोझै बिल बिजक अनुसार भन्सार पास हुन्छ ।

यसो हेर्दाखेरि व्यवसायीलाई सहुलियत दिन यो व्यवस्था गरे जस्तो गरे पनि माफिया र भ्रष्ट कर्मचारीको ठूलो साँठगाठ अनुसार वर्षौंदेखि सस्तो बिल बिजकको नाममा महँगो सामान ग्रिन च्यानलबाट सामान पास गराएर अर्बौंको राजस्व चोरी भइरहेको रहेछ । यो कुनै एक पक्ष वा व्यक्तिले गर्न सक्ने विषय भएन ।

यसमा राज्य सञ्चालनका भ्रष्टहरू, माफियाहरू र भन्सारमा खटिएका भ्रष्ट कर्मचारी बिचको साँठगाँठ नभई सम्भवै छैन । तर यसमा कुन समयमा को को संलग्न थिए भन्ने खोज्न केही प्रमाण छैन । तैँ चुप मै चुपको अवस्था छ । गत हप्ता सङ्घीय वन मन्त्रालयमा अनौठो दृश्य देखियो । मन्त्रालयको मन्त्री कक्षमा वनमन्त्री, सत्तारुढ दलका एक सांसद, सचिव, सह-सचिव, महानिर्देशकसहित करिब १५-२० जना थिए । सांसद भन्दै थिए, 'यो काम नभए म यहीँ अनशन बस्छु, तपाईंहरूलाई पनि जान दिन्नँ, काम आजै हुनुपर्छ भएन भने यसको कागज यही जलाउँछु ।' मन्त्री निरीह भएर सुनिरहेका थिए। भएको के रहेछ भने आजभन्दा चार वर्षअघि बूढानीलकण्ठमा करिब साढे तीन अर्ब रुपैयाँको लागतमा एक भव्य होटल खोल्न वातावरण मूल्यांकनका लागि वन मन्त्रालयमा निवेदन दिइएको रहेछ ।

वन मन्त्रालले अनेकौँ बहानामा यो काम गरेन । प्रक्रिया पुऱ्याएर निवेदन दिएपछि काम हुने आशामा लगानीकर्ताले लगानी गर्दै गए । चार वर्ष बित्यो, वन मन्त्रालय काम गर्दैन । सयौँ रोजगारी सिर्जना हुने, पर्यटन विकासमा टेवा पुग्ने, स्थानीय उत्पादन खपत हुने यो आयोजना सबै दृष्टिबाट उपयुक्त आयोजना थियो । अब लगानीकर्ता बिचल्लीमा परे, उनको केही लाग्दैन र सांसद गुहारे । अचम्मको कुरा त वनमन्त्री भन्दै थिए, 'खरदारले गरेन, सुब्बाले गरेन, मैले भनेको कोही मान्दैनन्, म अब कुर्सीमा बस्नलायक रहिनँ' आदि आदि । दृश्य यस्तो थियो कि मन्त्रालय मन्त्रीले नचलाएर कसले चलाउँछ थाहा छैन ।

हालसालै एउटा समाचार आयो, यातायात विभागबाट एक लाखभन्दा बढी लाइसेन्सहरू परीक्षा नै नलिई गैरकानुनी तरिकाले वितरण गरियो । वर्षौँदेखि त्यहाँका महानिर्देशकसहित भ्रष्ट कर्मचारीको काम गैरकानुनी लाइसेन्स वितरण गर्नु र घुस खानु रहेछ । एक दिन वा एक वर्षमा त लाखभन्दा बढी लाइसेन्स त्यसरी वितरण हुँदैन, अनि यातायातको सम्पूर्ण भ्रष्ट संरचना संलग्न नभई यो सम्भव छैन । म यातायात सेवासँग नजिक छु। त्यहाँ बिचरा एउटा गरिब केटाले हेभी गाडीको लाइसेन्स पाउन डेढ लाखसम्म घुस खुवाउनुपर्छ । सहायक चालक हुँदै ड्राइभर भएका कति युवाले गाडी चलाउन त सक्छन् तर घुस खुवाउन नसकेर विदेश गएका छन् ।

हरेक सवारीको अलग-अलग घुसको दर छ, न्यूनतम स्कुटरमा १० हजारदेखि सुरु हुन्छ । सत्तासीनहरू सबैलाई यो थाहा छ । सबै राजनीतिक दलहरूलाई पनि थाहा छ, तर उनीहरू यसबाट कमिसन लिन्छन्, प्रक्रिया सुधार्दैनन् । यातायात क्षेत्रमा परीक्षा पास गरेको डेढ वर्षसम्म लाइसेन्स पाइँदैन । यसो हेर्दाखेरि व्यवसायीलाई सहुलियत दिन यो व्यवस्था गरे जस्तो गरे पनि माफिया र भ्रष्ट कर्मचारीको ठूलो साँठगाठ अनुसार वर्षौंदेखि सस्तो बिल बिजकको नाममा महँगो सामान ग्रिन च्यानलबाट सामान पास गराएर अर्बौंको राजस्व चोरी भइरहेको रहेछ केही वर्षहिले एक मन्त्रीले करोडौँ कमाउने लोभमा अनावश्यक रूपमा जग्गाको कित्ताकाट रोक्का गरे । भूमिसुधार मन्त्रालयले कित्ताकाट नगर्ने निर्णयको परिपत्र गऱ्यो, तर कहीँ पनि कित्ताकाट रोकिएन र हरेक दिन भएका कित्ताकाटको रेकर्ड मन्त्रालयमा गयो ।

पहिलेभन्दा बढी कित्ताकाट हुन थाल्यो, तर आफूले रोकेको कित्ताकाट कसरी हुन गयो भनेर कहिल्यै सोधखोज भएन । अब कित्ताकाटमा महँगो घुसको दर कायम भयो । सहरी क्षेत्रमा एक कित्ताकाटमा २५ हजारदेखि दुई लाखसम्म घुसको रेट कायम भयो भने ग्रामीण क्षेत्रमा ५० हजारसम्म । राज्यलाई यो सबै थाहा छ, यहाँ अख्तियार छ, सतर्कता केन्द्र छ, मन्त्रालयले आफैँ कारबाही गर्न सक्छ, तर खै किन हो सबै तैँ चुप मै चुप भए । २०७१ सालमा सरकारले पुराना बक्यौता कर उठाउने प्रयोजनका लागि लुम्बध्वज खाँडको अध्यक्षतामा तीन सदस्यीय कर फर्स्योट आयोग गठन गऱ्यो । आयोगले सही काम गरेन र अर्बौं कमाउने राजस्व गैरकानुनी रूपबाट छुट दिएको आरोप लागि विशेष अदालतमा मुद्दा चल्यो । विशेष अदालतले १० अर्बभन्दा माथि भ्रष्टाचार गरेको ठहर गऱ्यो । नेपालको इतिहासमा ठूलो भ्रष्टाचार काण्डमध्ये यो पनि एक हो । राजनीतिक तहको संलग्नताबिना यो भ्रष्टाचार सम्भव छैन भन्ने कुरा घामजस्तै छर्लङ्ग छ ।

भुटानी शरणार्थीको अर्को दुःख छ। बहालवाला गृहमन्त्री, गृहसचिव, पूर्वउपप्रधानमन्त्री, पूर्वगृहमन्त्रीसहित उच्च पदस्थहरू मिलेर नेपालीलाई भुटानी भनी बेच्ने कतिसम्म घृणित कार्य थियो त्यो केस ? यो केस साम्य नभएसम्म ठूला राजनीतिक दलमा अभूतपूर्व एकता देखियो । हरेक दिन उनीहरू आपसमा खुला तथा गोप्य भेटघाट, छलफल गर्न थाले ।

सञ्चारको यस्तो विकास भएको अवस्थामा उनीहरूको छटपटी सबैले बुझ्ने नै भए । त्यस्तै ललिता निवास जग्गा प्रकरण पनि राजनीतिक नेतृत्वको घिनौलो कार्य थियो । जसमा एक पूर्वमन्त्री र एक बहालवाला सर्वोच्चका न्यायाधीशलाई जोगाउन घुस लिएको जग्गा फिर्ता गरियो । भ्रष्टाचारको फायल अख्तियारले कमजोर बनायो, सीबीआईले संगठित अपराधमा मुद्दा चलाउन अनुसन्धान गरेको फायल सरकारी वकिललाई प्रभावमा पारेर संगठित अपराधमा मुद्दा नचलाई मुद्दा कमजोर बनाइयो र अन्तिममा यो छानबिन त्यसै फासफुस भएर जाने प्रबल सम्भावना छ ।

एयरपोर्ट वा उत्तरी नाकाबाट हुने सुन तस्करीमा मुख्य राजनीतिक दल नेकपा माओवादीका शीर्षस्थ नेताको प्रत्यक्ष संलग्नता देखिन्छ । नेपाल वायुसेवा निगममा एक अध्यक्ष थिए, खाने खुवाउने मामिलामा माहिर । उनले अनेकौँ प्रपञ्च गरेर सम्पूर्ण स्वार्थ समूह, उच्च राजनीतिक नेतृत्व, माफिया आदिलाई मिलाएर निगमका लागि चारवटा जहाज किने, जहाज खरिदमा नियम-कानुनको पालना गरिएको थिएन । संसदीय समितिको प्रतिवेदनकै आधारमा ६ अर्ब रुपैयाँभन्दा बढी भ्रष्टाचार भएको थियो । त्यसमा सबै राजनीतिक दलका उच्च नेतृत्व संलग्न थिए । संसदीय समितिले अख्तियारलाई कारबाही गर्न निर्देशन गऱ्यो, तर अख्तियारले केही कारबाही गरेन । उसले गर्न सक्ने पनि थिएन । राजनीतिक दलको उच्च नेतृत्व संलग्न केसमा उसले हात हाल्ने कुरै भएन । केही वर्षपहिले आयल निगममा एक इन्जिनियर ठूलो सेटिङमा कार्यकारी निर्देशक भएर आए । उनी खान-खुवाउनमा अत्यन्तै उदार थिए । नियुक्ति पाएर आउँदाको खर्च, उच्च राजनीतिक नेतृत्वलाई बुझाउनुपर्ने खर्च अनि आफूलाई पनि केही चाहियो । उनलाई ठूलो रकम चाहिएको थियो, तत्काल जुक्ति निकाले । निजले आयल निगमका लागि जग्गा किन्ने प्रपञ्च मिलाए । स्थापित सम्पूर्ण नियम-कानुन मिच्दै उनले सिधै खोला बगर कमसल आदि जग्गालाई परल मोलको तेब्बर मोल दिएर अर्बौं रुपैयाँको जग्गा किने र उदारतापूर्वक उच्च राजनीतिक नेतृत्वलाई पैसा बाँडे । केही आफूले पनि राखे । त्यसबेलाका आपूर्ति मन्त्रालयको सचिव चलाख थिए, छन् । जग्गा खरिद प्रक्रिया सञ्चालक समितिमा आए उनी फस्ने थिए । उनले आफू नफस्न र काम पनि गर्न कार्यकारी निर्देशकलाई अख्तियारी दिए । अन्ततः उनलाई यस प्रकरणमा कुनै कारबाही भएन, राज्यको अर्बौं रुपैयाँ नोक्सान भयो । केही वर्षपहिले एक सञ्चारमन्त्रीले हाकाहाकी ७० करोड रुपैयाँ घुसको बार्गेनिङ गरे । संसदमा कुरा उठ्यो, उनले पदबाट राजीनामा दिए । उनको त्यो टेप कारबाहीका लागि अख्तियारमा गयो । अख्तियारले उनीमाथि कुनै कारबाही गरेन, संसदीय समितिले पनि केही गर्न सकेन ।

हालसालै टेरामेक्स खरिद प्रक्रियामा विभिन्न मन्त्रीसहित उच्च पदस्थ कर्मचारीले गैरकानुनी काम गरी अर्बौं रुपैयाँ घोटाला गरेका छन् भनी संसद्मा कुरा उठ्यो, तर कारबाही हुँदैन । बडो अचम्म छ, यो मुलुकमा माफिया, सिन्डिकेटधारी र उच्च राजनीतिक नेतृत्वको स्वार्थ नमिली कुनै ठूलो आयोजना आउँदैन । स्वार्थ मिले मुलुकले जे चुकाउनुपरे

नेपालमा अन्तर्राष्ट्रिय विमानस्थल निजगढमा चाहिएको छ तर आयो पोखरा र लुम्बिनीमा, जहाँ आवश्यकता नै थिएन । करिब पाँच अर्ब खर्च गरेर सिमरामा सेजको स्थापना भयो, उद्योगीहरूलाई चाहिएकै छैन । त्यस्तै रकम खर्च गरेर चोभारमा सुक्खा बन्दरगाह सञ्चालन भयो । जुन आवश्यक नै छैन ।

यी आयोजना किन आए भन्दा यहाँ माफिया, बिचौलिया र उच्च राजनीतिक नेतृत्वको आर्थिक स्वार्थ पूरा भयो । आयोजना चलोस् वा नचलोस्, मुलुकलाई जतिसुकै घाटा परोस् उनीहरूलाई मतलब हुने विषय नै भएन ।

२०७० को दशकमा सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना घोषणा गऱ्यो । त्यसलाई प्राथमिकता दिएर सम्पन्न गर्ने भन्यो । जनता खुसी भए तर घोषणा गरिएका २७ आयोजना आज भ्रष्टाचारको अखडा भएका छन् । पूरा हुने छाँटकाँटै छैन । हरेक वर्ष बजेट बढ्दो छ, बजेट भनेको आम जनताको सम्पत्ति हो, आम जनताको ऋण हो । त्यसलाई दुरुपयोग गर्नु अपराध हो, तर सरकार त्यही गरिरहेको छ ।

करदाताप्रति विश्वासघात गरिरहेको छ । आम जनतासँग प्रत्यक्ष सरोकार स्थानीय निकायको रहन्छ । स्थानीय निकायमा भ्रष्टाचारको बोलबाला छ । उद्योगी व्यवसायीलाई अनावश्यक दुःख दिइन्छ । महँगो चुनावी खर्चले गर्दा त्यहाँका मेयर, उपमेयरहरू भ्रष्टाचारमा लिप्त छन् । नजिकैबाट युवाले हेरिरहेका हुन्छन्, उनीहरूलाई थप निराशा उत्पन्न हुन्छ । हाम्रो देश कस्तो होला, जहाँ सांसदले दिनभरि संसद् चलाउँछन् तर कानुन बनाउँदैनन् । एक कानुन बनाउन ८-१० वर्ष लाग्छ । सांसद हाजिर हुन्छन् र सुविधा बुझ्छन् तर बैठकमा भाग लिँदैनन् बैठकको कोरम पुग्दैन । शिक्षामा ग्रामीण क्षेत्रमा सरकारी शिक्षाको अवस्था दयनीय छ । सरकारले कसैलाई फेल नगराउने नीति लिएपछि त विद्यार्थीले पढ्नै नपर्ने भयो ।

विश्वविद्यालय तहमा पढाइको कुनै क्यालेन्डर छैन । कहिल्यै नियमित कक्षा सञ्चालन हुँदैन । विद्यार्थीको कोर्स कहिल्यै पूरा हुँदैन । परीक्षा दिन र परीक्षाको रिजल्ट निकाल्न १५ महिनासम्म लाग्छ । १५ महिना त्यो विद्यार्थी बिल्कुलै बेरोजगार भएर आफ्नो अमूल्य समय बिताइरहेको हुन्छ अनि त्यो विद्यार्थीलाई पढाइका लागि विदेश जाने सोच किन नआओस्, यसप्रति सत्तासीनले सोचेकै छैनन् । यहाँ भ्रष्टाचारले नछोएको कुनै क्षेत्र छैन । जनसरोकारका विषयमा अझ बढी भ्रष्टाचार छ । सर्वसाधारण, उद्योगी-व्यवसायीसहित आमनागरिक यसबाट पीडित छन्, सरकार रमिते छ । भ्रष्टाचार नियन्त्रण गर्न खोलिएको अख्तियार आयोग र सतर्कता अकर्मण्य छन् । महालेखा परीक्षकको प्रतिवेदनलाई कहिल्यै पनि सरकार, संसद्ले गम्भीरतापूर्वक लिएन । यो एक कर्मकाण्डी प्रथा भयो । महालेखा परीक्षकको प्रतिवेदनमा देखाइएको बेरुजुबाट कारबाही हुने डर कसैलाई पनि छैन नेपालमा सीमावर्ती सबै सहरमा अवैध कारोबारले प्रश्रय पाएको छ।

**बाँकी तेस्रो पृष्ठमा........**

# अन्तर्राष्ट्रिय भलिबल...............

प्रतियोगिताहरू आयोजना गरिरहेको देखिन्छ। यसलाई सकारात्मक रूपमै लिनुपर्ने हुन्छ । सङ्घले आफ्ना खेलाडीहरूलाई कहिले नेदरल्यान्ड्स त कहिले मालदिभ्सलगायतका राष्ट्रमा पठाएर अन्तर्राष्ट्रिय अनुभव हासिल गर्ने अवसर पनि दिएको देखिन्छ । यसका अतिरिक्त विदेशी प्रशिक्षकहरूलाई नेपालमै भित्राएर पनि प्रशिक्षण सञ्चालन गरिहरेको देखिन्छ । मेरो विचारमा यो निकै सकारात्मक पक्ष हो । राज्यले निर्वाह गर्नुपर्ने भूमिका खासै प्रभावकारी नदेखिए पनि सङ्घले भने आफ्नो गतिविधिमा कमी आउन दिएको देखिँदैन । नेपाली भलिबलमा पुरुष टोलीभन्दा महिला टोलीको प्रदर्शन केही अब्बल देखिन्छ । खासमा यथार्थ के हो?पक्कै पनि नेपाली महिला टोलीको प्रदर्शन निकै राम्रो छ ।अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पनि महिला टोलीले स्तरीय प्रदर्शन गर्दै आएको देखिन्छ । महिला टोलीका अधिकांश खेलाडी त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब र सशस्त्र प्रहरी बलको एपीएफ क्लबमा आबद्ध छन् । यसका अतिरिक्त छनोट चरण पार गरेर आउने महिला खेलाडीको सङ्ख्या पनि उल्लेख्य छ । सबै पक्षको उपयुक्त समायोजन भएकाले पनि महिला टोलीको अवस्था राम्रो देखिन्छ । हाम्रो पुरुष टोलीलाई पनि नराम्रो भन्न मिल्दैन । योभन्दा पनि ठुलो कुरा भनेको भौतिक पूर्वाधारको हो । खेलाडीहरूको खानपिनकै विषयमा पनि छलफल गर्न सकिन्छ।खेलाडीको प्रदर्शनमा धेरै पक्षले असर पारिरहेको हुन्छ भन्ने कुरा हामीले भुल्नु हुँदैन । नेपालमा एउटा खेलाडीले खेल मैदानमै सक्रिय रहेर आफ्नो जीवन चलाउन सक्ने अवस्था छ कि छैन भन्ने कुराले पनि महत्त्व राख्छ । यदि कुनै खेलाडी मानसिक दबाबमा रहन्छ भने त्यसको प्रत्यक्ष असरखेल मैदानमा उसको प्रदर्शन पनि पर्छ । त्यसैले प्रतियोगिताहरूमा खेलाडीको प्रदर्शनको कुरा गर्दा हामीले अन्य धेरै कुरामा ध्यान पुर्याउनु पर्ने हुन्छ । ढिलै भए पनि पछिल्लो समय नेपाल भलिबल सङ्घले राष्ट्रिय टोलीका खेलाडीहरूलाई थोरै भए पनि पारिश्रमिक दिन सुरु गरेको छ । यो निकै सकारात्मक पक्ष हो ।हामीले जतिसुकै तर्क-वितर्क गरे पनि आर्थिक पक्षले निकै ठुलो अर्थ राख्छ ।

खेलाडीको समस्यालाई सङ्घ, राखेपले, मन्त्रालयले र राज्यले बुझेन भने कसले बुझ्ने ? जहाँसम्म अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा हाम्रो प्रदर्शनको कुरा छ, धेरै समस्याहरूका कारण हाम्रो बेस नै कमजोर भएको हो कि जस्तो लाग्छ मलाई त ।

हामीले स्कुल स्तरदेखि नै यी कुराहरू सिक्नु वा सिकाउनु पर्ने थियो । खेलाडीहरूले खेल खेलेर मात्र हुँदैन अबको युगमा खेलाडीहरू शैक्षिक रूपमा पनि अब्बल हुनु आवश्यक छ ।

दक्षता, योग्यता र क्षमताको कुरा गर्ने हो भने खेल खेलाइसकेपछि उहाँहरू आफैले पनि बुझ्न सक्नुहुन्छ ।

सङ्ख्यात्मक हिसाबमा नेपालमा लाइसेन्सप्राप्त रेफ्रीहरु कति छन्?

नेपालमा लाइसेन्सप्राप्त रेफ्रीहरु पाँच सय जनाभन्दा धेरै हुनहुन्छ । हालै मात्र भलिबल सङ्घले नयाँ मापदण्ड निर्धारण गरेको छ, जुन मापदण्ड धेरै पहिला बन्नुपर्थ्यो । अहिले अन्तर्राष्ट्रिय नियमानुसार, कुनै पनि पनि व्यक्ति भलिबलको रेफ्री भइसकेपछि भलिबलको सर्वोच्च निकाय एफआईभीबीमा दर्ता हुनुपर्छ भन्ने मान्यता छ ।रेफ्रीहरु नेपाल भलिबल संघमा पनि अनिवार्य रूपमा दर्ता हुनुपर्छ भन्ने मान्यता छ । पछिल्लो चरणमा भलिबल सङ्घले सम्पूर्ण रेफ्रीहरुको तथ्याङ्कलाई डाटाबेसमा राख्ने काम पनि निरन्तर रूपमा अघि बढाइरहेको छ । अहिलेसम्म चार सयभन्दा बढीरेफ्रीहरु डाटाबेसमा समावेश भइसकेका छन् । जसमध्ये एक सय जना राष्ट्रिय रेफ्री छन् भने बाँकी तीन सय ५० जनाजति प्रादेशिक रेफ्रीहरु रहेका छन् ।

तपाइँले नेपालमा रेफरीको सङ्ख्या भन्दै गर्दा विदेशमाहजारौँको सङ्ख्यामा खेलाडीहरू भएको देशमा थोरै सङ्ख्यामा रेफ्रीहरु हुने अनि नेपालमा भनेरेफ्रीहरुको सङ्ख्या यति धेरै किन ?

मलाई पनि यही लाग्थ्यो । किनभने हाम्रो देशमा खेलाडीभन्दा बढीरेफ्री उत्पादन भइरहेको अवस्था छ । एकतर्फबाट हेर्ने हो भने त यो धेरै राम्रो पक्ष हो । रफ्रीहरु उत्पादन भइरहनु भनेको देशभित्र भलिबल खेलको विकासमा टेवा पुग्नु पनि हो । तर, रेफरीको जिम्मेवारी निकै गहन हुन्छ । हामीले त्यो जिम्मेवारीलाई कसरी निर्वाह गरिरहेका छौँ भन्ने कुरामा पनि ध्यान पुर्याउनु पर्ने हुन्छ। हामी सबै रेफ्रीहरुले आफ्नो क्षमताको मूल्याङ्कन आफैले गर्ने हो ।

पछिल्लो समय विभिन्न प्रतियोगिताका क्रममा रेफ्रीहरुकै कारण विवाद सृजना भएको उदाहरणहरू पनि हामीसँग छ । यति धेरै क्षमतावान् रेफ्रीहरु भएको देशमा यस्तो अवस्था कसरी सृजना हुन्छ छ ?

रेफ्रीहरुकै कारणले विवाद भएको त खासै म देख्दिन। रेफ्री भनेको न्यायाधीश हो । न्याय गर्ने ठाउँले सही न्याय दिनुपर्छ ।प्रतियोगिताका क्रममा रेफ्रीहरुसँगै खेलाडी, प्रशिक्षक, व्यवस्थापक र दर्शकहरूको पनि उत्तिकै भूमिका हुन्छ जस्तो मलाई लाग्छ । एक-दुई ठाउँमा रेफ्रीहरुको कारणले पनि विवाद भएको हुन सक्छ । रेफ्रीका कारण विवाद नै हुँदैन भनेर म भन्दिन पनि । रेफरीको निर्णयका कारण पनि हो-हल्ला र भै-झगडा हुन्छन् ।

तर, समग्रमा भन्ने हो भने रेफ्रीकै कारणले मात्रै सधैं विवाद सृजना हुँदैन । यसको अर्थ सबै रेफ्री राम्राछन् भनेर पनि म ठोकुवा गर्दिन । किनभने पक्कै पनि हामी रेफ्रीहरुमा पनि केहीकमी-कमजोरी छन् । रेफ्रीका दुईवटा आँखा हुन्छन् भने दर्शकका हजारौँ आँखाले खेललाई हेरिरहेको हुन्छ । मेरो मान्यता भनेको हामी रेफ्रीहरुले जानीजानी गल्ती गर्नु भने हुँदैन ।

# रित्तिँदै गाउँका विद्यालय, समायोजन गर्दै नगरपालिका

डम्मर बुढामगर/रासस

ढोरपाटन (बागलुङ), ८ माघ : गाउँलेको बजार मोह र युवाको विदेश पलायनले विद्यालय रित्तिँदै गएका छन् । गाउँका विद्यालय रित्तिन थालेपछि बागलुङको गलकोट नगरपालिकाले नजिकको विद्यालयसँग समायोजन गरिरहेको छ । नगरपालिकाले तह मिलान तथा विद्यालय समायोजन कार्यविधि २०७९ नगर सभाबाट पारित गरेर कार्यान्वयन गरिरहेको हो । हालसम्म गलकोटका १२ विद्यालय समायोजन भइसकेका छन् भने केही हुने चरणमा छन् । भौतिकरुपमा विद्यालय निर्माण सम्पन्न भए पनि विद्यार्थी नहुँदा पठनपाठनमा समस्या हुने गरेको छ ।

नगरपालिकाले विद्यालय समायोजनसँगै तह मिलानसमेत गरिरहेको छ । पाँच वर्ष अगाडिसम्म गलकोट नगरपालिकाभर ७४ वटा सामुदायिक विद्यालय थिए । ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून भएपछि नगरपालिकाले विसं २०७५ देखि विद्यालय तह मिलान तथा समायोजन गर्न थालेको हो । भौगोलिक दूरी र विद्यार्थी सङ्ख्याको आधारमा कतिपय विद्यालयलाई समयोजन र कतिपयलाई तह मिलान गर्दै आएको छ । अहिले गलकोट नगरपालिकामा ६२ वटा सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन् । सोमध्ये १३ माध्यमिक र ५१ वटा आधारभूत तहका विद्यालय छन् । अघिल्लो वर्षमात्रै नगरपालिकाले छ वटा विद्यालय समायोजन र पाँच वटा तह मिलान गरेको थियो ।

दिनप्रतिदिन विद्यार्थी घटेपछि नगरपालिकाले तह मिलान तथा समायोजन गर्दै आएको हो । विद्यालय समायोजनपछि दूरी टाढा पर्ने विद्यार्थीलाई नगरपालिकाले यातायातको व्यवस्था गर्दै आएको छ ।तह मिलान तथा विद्यालय समायोजन कार्यविधिमा कक्षा १-३ मा १५ जना, १-५ मा २५, ६-८ मा २१, ९-१० मा २५ र ११-१२ मा २५ जना विद्यार्थी हुनुपर्ने मापदण्ड रहेको गलकोट नगरपालिकाका शिक्षा अधिकृत शिव खड्काले राससलाई जानकारी दिनुभयो । ग्रामीण क्षेत्रका विद्यार्थी कम भएपछि यस वर्ष करिब पाँच वटा विद्यालय समायोजन गर्ने उहाँको भनाइ छ । हाल गलकोटमा आठ हजार विद्यार्थी अध्ययनरत रहेका छन् । विद्यालय समायोजन तथा तह मिलान गर्दा शिक्षक नपुगेका विद्यालयमा व्यवस्थापन गर्न सहज हुने र शैक्षिक गुणस्तरलाई बढाउन सकिने शिक्षा अधिकृत खड्काको भनाइ छ । विद्यायल समायोजनपछि शैक्षिक सुधार हुँदै गएको छ ।"चार/पाँच वर्षदेखिनै विद्यालय समायोजन र तह मिलान गर्दै आएका छौँ, विद्यालयमा विद्यार्थी कम भएपछि नगरपालिकाले कार्यविधि बनाएरै काम गरिरहेको छ, समायोजन र तह मिलानले केही विद्यार्थीलाई समस्या पर्छ भन्ने थियो तर नगरपालिकाले उनीहरुलाई यातायातको व्यवस्था मिलाएको छ", शिक्षा अधिकृत खड्काले भन्नुभयो, "हरेक वर्ष गाउँका विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दो छ, विद्यालयलाई यथावतरुपमा सञ्चालन गर्नका लागि नगरपालिकाले कार्यविधि बनाएको छ, कार्यविधिमा भएअनुसार विद्यार्थी सङ्ख्या कम भएपछि मात्रै समायोजन तथा तह मिलान गर्ने काम भएको हो ।"

गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले गाउँका अधिकांश मानिस बजार झरेपछि विद्यालय खाली भएको भन्दै विद्यालयमा शिक्षक खटाउनुभन्दा विद्यार्थीलाई एकै ठाउँमा राखेर पठनपाठन गर्ने र शैक्षिक गुणस्तर बढाउने गरी नगरपालिका लागिरहेको बताउनुभयो । यहाँबाट धेरै सङ्ख्यामा विदेश गएको र आफ्ना बालबालिका पनि उतै लैजाने गर्दा गाउँका विद्यालयमा विद्यार्थी अभाव भएको भण्डारीको भनाइ छ । गत वर्षदेखि वडा नं ७ मा विद्यार्थीका घरघरमा गाडी लिन जाने र अन्य वडाका विद्यार्थीलाई नगरपालिकाले यातायात खर्च दिने गरेको उहाँले बताउनुभयो ।

प्रवक्ता भण्डारीले भन्नुभयो, "पहिला गलकोटका सबै ठाउँमा विद्यार्थीको चाप थियो, शिक्षक व्यवस्थापन र विद्यालयको भौतिक अवस्था कमजोर थियो, तर अहिले सबै विद्यालयमा पूर्वाधार पर्याप्त भएका छन् तर विद्यार्थी घटेर कम छन्, गाउँ अहिले सुनसान बनेका छन्, गलकोट बजार क्षेत्र र मध्यपहाडी लोकमार्ग छेउछाउमा बस्ती विकास हुँदै गयो, माथिल्लो क्षेत्रबाट सबै तल झर्न थाले, त्यसले गर्दा नगरपालिकाले विद्यालय समायोजन गर्न थालेको हो, धेरै विद्यालयका शिक्षक एकै ठाउँमा हुनुहुने भयो, यसले गर्दा शैक्षिक गतिविधि केही सुधार भएको छ ।"विद्यालय समायोजनपछि आजभोलि विद्यार्थी लिन गाडी घर घरमा पुग्छन् । गाडी घरमै लिन आएपछि विद्यार्थी पनि उत्साहित भएका छन् । दैनिक घन्टौँ लगाएर विद्यालय पुग्ने विद्यार्थी अहिले केही मिनेटमै पुग्छन् भने समयमै घरमा फर्किने गरेका छन् । गलकोट नगरपालिकाको सबैभन्दा टाढाको बस्ती टोकरी गाउँ हो । यस गाउँबाट आधारभूत र माध्यमिक तह अध्ययन गर्न जनहित माध्यमिक विद्यालय मल्लमा झर्नुपर्थ्यो । विद्यालय झर्दा ओरालो पर्ने हुँदा एकै घण्टामा पुग्ने गरे पनि घर फर्किंदा दुई घण्टा बढी लाग्थ्यो । अहिले नगरपालिकाले पिकअप जीपमा विद्यार्थी ओसारपसार गर्न थालेपछि समयमै घरमा पुग्न थालेका छन् ।

हिउँदमा भन्दा वर्षाद्को समयमा बढी समस्या भोगेको जनहित माध्यमिक विद्यालय कक्षा १२ मा अध्ययनरत विद्यार्थी निकिता थापाले बताउनुभयो । थापाले पोहोर सालसम्म निकै समस्या भोगेको सुनाउँदै यस वर्षदेखि गाडी घरमै लिन आउँदा घन्टौँ हिँड्नुपर्ने बाध्यता हटेको सुनाउनुभयो । "घरभन्दा स्कूल टाढा छ, घन्टौँ हिँडेर पढ्न जानुपर्थ्यो, बिहान चाँडै हिँड्नुपर्ने र ४ बजे बिदा भएर घरमा आउँदा झमक्कै रात परिसक्थ्यो, बाटोमा बाघ र चितुवाको डर हुन्थ्यो, वर्षाद्को समयमा भिज्दै हिँड्नुपर्थ्यो, अहिले घरमै गाडी आउने हुँदा पहिलेको जस्तो समस्या भोग्नुपरेको छैन", उहाँले भन्नुभयो, "पहिला दुई/तीन घन्टासम्म हिँडेर स्कूल आवतजावत गर्दा थकाइ लाग्थ्यो, थकाइले गर्दा पढ्न मन लाग्दैनथ्यो, त्यसले गर्दा पढाई पनि राम्रो हुन सकेको थिएन, अहिले पढाई पनि राम्रो भइराखेको छ, कतिबेला ४ बज्ला र घर पुगौँला भन्ने हुँदैन ।"

# कहाँ छ सुशासन....................................

वैध कारोबारमा सरकारको कठोर नियमन एवं अवैध कारोबार बढाउन गरिएको नीतिगत निर्णयले बिस्तारै वैध कारोबार गर्न नसक्ने अवस्था छ । सत्तासीनका भ्रष्टहरू यसैमा रमाइरहेका छन् । सुधारको कुनै लक्षण देखापरेको छैन । नेपालको विकासको मेरुदण्ड भनेको कृषिक्रान्ति नै हो । कृषि विकासको लागि सरकारले ठूलो धनराशि खर्च गरिरहेको छ तर त्यो सही कृषकले नपाएर राजनीतिक दलका कार्यकर्ता, भ्रष्ट व्यक्ति वा बिचौलियाले मात्र पाउँछन्, सरकारी कर्मचारीको संलग्नताबिना यो सम्भव हुने कुरैभएन । सरकार काम नगर्ने वा भ्रष्ट काम गर्ने कर्मचारीलाई हटाउन सक्दैन । त्यस्तो नियम नै छैन । भूकम्प पीडितको अवस्था, सहकारी ठगीको अवस्था, लघुवित्त पीडितको अवस्था, लम्की स्किन आदिसँग सरकार गम्भीर छैन, केवल ओठे कुरा गर्नु बाहेक, जो पर्‍यो त्यो मर्‍यो । काठमाडौं ट्राफिक कार्यालयसहित अधिराज्य भर हजारौं सवारीसाधन सडिरहेका छन् । यसको सही समाधानका लागि राज्यलाई कहिल्यै पनि चिन्ता लागेन । अर्बौं रुपैयाँ राज्यको नोक्सान भइरहेको छ । यो नोक्सान राष्ट्रको नोक्सान हो भन्ने भएन ।

युवाहरू यो बेथिति देखिरहेका छन् र बिदेसिँदै छन् । वास्तवमा यहाँका युवाहरू यहाँ बाटो घाटो नभएर, बिजुली नभएर विदेश गएका होइनन्, यहाँ सुशासन नभएर, भ्रष्टतन्त्रको अनुभूति गरेर र भ्रष्टतन्त्रभित्र आफ्नो भविष्य नदेखेर विदेश गएका हुन् । बढ्दो सञ्चार क्षेत्रको विकासले अहिले सबै समाचार नागरिकले थाहा पाउँछन् । घटनाक्रम पारदर्शी हुँदै छ । युवाहरू त्यो बुझिरहेका छन् । उनीहरू यस भ्रष्टतन्त्रमा आफ्नो भविष्य देख्दैनन्, रोजगारी सिर्जना भएको छैन र विदेश पलायन हुन्छन् । हामीले सुशासन दिन सकेनौँ, भ्रष्टाचार न्यूनीकरण गर्न सकेनौँ, शासनमा पारदर्शिता र जिम्मेवारी बोध हुन सकेन भने यो मुलुकलाई कसैले पनि बचाउन सक्दैन । सबैले समयमै मनन गरौँ ।

जाडोको समयमा चिसो बाट बचौं।
- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं।
- न्यानो कपडा लगाऔं।
- घर तथा कोठा न्यानो बनाऔं।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं।
- बालबालिकालाई तेल मालिस गरिदिऔं।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं।
- दैनिक घाम ताप्ने गरौं।
करैयामाई गाउँपालिकाको कार्यालय ,करैया ,बारा

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# लाइसेन्सको ट्रायलमा आफ्नै सवारी साधन प्रयोग गर्न दिन सतर्कता केन्द्रको निर्देशन

काठमाडौं ।

सवारी चालक अनुमति पत्र (लाइसेन्स) को प्रयोगात्मक परीक्षा (ट्रायल) दिँदा व्यक्तिले आफ्नै सवारी साधन प्रयोग गर्न पाउने व्यवस्था मिलाउन राष्ट्रिय सतर्कता केन्द्रले निर्देशन दिएको छ । केन्द्रले सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गर्दै ट्रायल दिने परीक्षार्थीहरूलाई स्वेच्छाले आफ्नो सवारी साधन प्रयोग गर्न दिन पाउने व्यवस्था मिलाउन निर्देशन दिएको हो ।

केन्द्रको माघ ५ गते बसेको सचिवस्तरीय बैठकले यसबारे निर्णय गर्दै सोको कार्यान्वयनसम्बन्धी जानकारी केन्द्रलाई उपलब्ध गराउन समेत निर्देशन दिइएको छ । लाइसेन्स ट्रायलमा प्रशिक्षक केन्द्रहरूले मनपरी गरिरहेको भन्ने गुनासाका बिच केन्द्रले दिएको निर्देशन कार्यान्वयन भएमा सेवाग्राहीलाई फाइदा पुग्ने अपेक्षा गरिएको छ ।

सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षा दिँदा परीक्षार्थीले आफ्नो सवारी साधन प्रयोग गरी परीक्षा दिनबाट वञ्चित गरिएको र प्रशिक्षण केन्द्रकै सवारी साधन प्रयोग गरी परीक्षा दिन बाध्य पार्ने र सो बापत प्रशिक्षण केन्द्रहरूले मनोमानी रूपमा शुल्क असुल्ने गरेको भन्ने उजुरी तथा गुनासो प्राप्त भएको सन्दर्भमा सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ लगायत कुनै पनि नेपाल कानुनमा परीक्षार्थीले प्रशिक्षण केन्द्रकै सवारी साधन प्रयोग गर्नु पर्ने कुनै किसिमका बाध्यात्मक व्यवस्था उल्लेख भएको नदेखिएको हुँदा आम परीक्षार्थीहरूको गुनासो सम्बोधन गर्न ट्रायल दिने परीक्षार्थीहरूलाई स्वेच्छाले आफ्नो सवारी साधन प्रयोग गर्न दिन पाउने व्यवस्था मिलाउन र सो को कार्यान्वयनको जानकारी यस केन्द्रलाई उपलब्ध गराउन निर्देशन दिइएको ब्यहोरा अनुरोध छ' केन्द्रको निर्देशनमा भनिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका साथै सम्बन्धित निकायमा समेत बोधार्थ गरिएको उक्त निर्देशन विभिन्न क्षेत्रबाट प्राप्त सुझाव तथा ध्यानाकर्षणपछि दिइएको केन्द्रका सचिव रामआधार साहले बताए । केही दिनअघि लुम्बिनी प्रदेशका उद्योग तथा यातायात व्यवस्था मन्त्री सरोज थापा (रोज राणा)ले समेत केन्द्रका सचिव साहलाई भेट्दै यसबारे ध्यानाकर्षण गराएका थिए ।

## समाजवादी प्रेस......................

महासचिव जस्तो पदमा रहँदा सङ्गठनको प्रतिष्ठामाथि नै असर पर्ने निष्कर्ष निकाल्दै उनलाई कारबाही गरी महासचिव पदबाट पदमुक्त गराउन सङ्गठनका केन्द्रीय समिति, केन्द्रीय प्रचार विभाग र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का केन्द्रीय नेतृत्वसँग माग गर्ने निर्णय समेत गरेको छ ।बैठकमा पार्टीका सचिवालय सदस्य राघव साह, पार्टी र युवा सङ्गठनका सचिवालय सदस्य एवम् युवा फाँट प्रमुख अनिल पटेल, पार्टीका जिल्ला कमिटी सदस्य एवम् नेपाल खेलकुद महासङ्घ समाजवादीका केन्द्रीय सदस्य आकाश पटेल, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन समाजवादीका पर्सा अध्यक्ष मेवालाल साह लगायतको विशेष उपस्थिति रहेको थियो ।

सत्य तथ्य र निष्पक्ष सामाचार का लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।




# खेल खबर

## अन्तर्राष्ट्रिय भलिबल रेफ्री चौलागाईलाई प्रश्न : के नेपालमा रेफ्रीको लाइसेन्स किनबेच हुने गरेको सत्य हो ?

भलिबलको अन्तर्राष्ट्रिय प्रतियोगिता खेलाउने निकै कम रेफ्रीमा पर्छन्, उनी । हालै चीनमा सम्पन्न १९औं एसियाली खेलकुद प्रतियोगितामा पनि उनले रेफ्रीको भूमिका निर्वाह गरेका थिए । एसियाली खेलकुदमा रफ्रीको भूमिकामा सहभागी हुने निकै कम नेपाली खेलकर्मीमध्ये उनी पनि एक थिए । यसका अतिरिक्त भलिबलका अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि उनले रेफ्रीको भूमिका निर्वाह गरिसकेका छन् ।

त्यसअघि उनी लामो समय राष्ट्रिय रेफ्रीको भूमिकामा पनि सक्रिय दिए । भलिबल नेपालको राष्ट्रिय खेल पनि हो । राष्ट्रिय खेलको मान्यता पाएको लामो समय बितिसक्दा पनि यो खेलले सरकारबाट पाउनुपर्ने जति सहयोग पाउन नसकेको गुनासो पनि बेलाबखत सुनिने गरेको छ । नेपालमा भलिबल खेलको पछिल्लो परिवेश, नेपाली भलिबलमा प्राविधिक जनशक्तिको अवस्थाजस्ता विषयमा केन्द्रित रहेर चौलागाईसँग गरिएको कुराकानीको सम्पादित अंश : सरकारले भबिलललाई नेपालको राष्ट्रिय खेल घोषणा गरेको लामो समय भइसक्यो, भलिबलको अहिलेको अवस्था कस्तो छ ?भलिबलको अवस्था पहिलाको भन्दा निकै सुधार भइसकेको छ । जुन हुनुपर्ने त्यो त पक्कै भएको छैन, तर राष्ट्रिय खेल घोषणा गरिसकेपछि गाँउदेखि सहर सबैतिर राम्रो देखिइरहेको छु । हरेक महिना कहीँ न कहीँ प्रतियोगिताहरू भएको प्रत्यक्ष पनि देखिन्छ र समाचारहरूमा पनि हेर्न पाइन्छ । खुसी लाग्छ ।राष्ट्रिय खेल घोषणा भइसकेपछि भलिबल खेलको विकासमा सरकारको लगानी कस्तो छ नि ?भलिबल खेलमा मात्र होइन, सरकारको लगानीको अवस्थाको कुरा गर्ने हो भने सिङ्गो खेलकुद जगत्मा नै सरकारको लगानी नाजुक छ ।

सरकारले हरेक आर्थिक वर्षमा खेलकुद क्षेत्रका लागि छुट्टाउने बजेटका कारण हामी सबै निराश हुने गरेका छौं । त्यसमाथि राष्ट्रिय खेल घोषण गरेपछि पनि भलिबललाई हेर्ने दृष्टिकोण फेरिएको छैन । अहिले भलिबल क्षेत्रलाई माया गर्ने शुभेच्छुक र प्रायोजकहरुले गर्दा नेपाली भलिबलले यो उचाइ हासिल गरेको हो । भलिबललाई राष्ट्रिय खेल घोषणा गर्नुअघि र पछाडिको अवस्थालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?समयसँगै हरेक कुराको विकास हुन्छ । यसमा कुनै दुई मत हुँदैन । तर , यस्तो विकास भनेको बिस्तारै हुने कुरा हो। खेलकुद क्षेत्रको विकासमा सरकारले विनियोजन गर्ने बजेटले निकै ठुलो अर्थ राख्छ । तर, यो पक्ष निकै निराशाजनक छ । अहिले नेपाल भलिबल सङ्घले हरेक वर्ष तीन देखी पाँचवटासम्म राष्ट्रिय प्रतियोगिता आयोजना गर्छ ।तर , यी प्रतियोगिताका लागि पनि राष्ट्रिय खेलकुद परिषद् वा सरकारले दिनुपर्ने बजेट दिएको अवस्था छैन । हामी प्राविधिक क्षेत्रको मान्छे हौं । प्राविधिक दृष्टिकोणले हेर्दा पनि विभिन्न तालिमहरू सञ्चालन हुनुपर्ने, रेफ्री रिफ्रेसर कोर्सहरू हुनुपर्ने, दक्ष जनशक्ति उत्पादन गर्नलाई विदेशमा गएर तालिम लिन पाउनुपर्ने, देशभित्रै पनि विभिन्न कोर्सहरू सञ्चालनमा आउनुपर्ने हुन्छ । तर, त्यस्तो भएको छैन । राज्यले यस्ता कुराहरूमा ध्यान दिएजस्तो मलाई लाग्दैन ।

हरेक भौगोलिक अवस्थामा सहजै खेल्न मिल्ने लोकप्रिय खेल भए पनि नेपालमा भलिबलको विकास किन प्रभावकारी रूपमा हुन सकेको छैन ?नेपालको परिप्रेक्षमा प्रभावकारी र भूगोलमा सुहाउँदो भएर नै यो खेललाई राष्ट्रिय खेल घोषणा गरिएको हो । नेपालमा विगतदेखि नै भलिबल निकै लोकप्रिय खेल हो । जस्तो सुकै भूगोलमा पनि खेल्न सकिने भएकाले यसले यति धेरै लोकप्रियता हासिल गरेको हो । यो खेल सानो ठाउँमा सजिलै खेल्न सकिने, यसका नियमहरू पनि जो सुकैले सजिलै बुझ्न सक्ने र नन् रिस्की गेम भएकाले यो खेल खेल्दा कुनै चोटपटक पनि लाग्दैन र विपक्षी टोलीका खेलाडीहरूसँग द्वन्द्व पनि हुँदैन ।म त देशभित्र यो खेलको लोकप्रियता दिनदिनै बढिरहेको देख्छु । यसलाई सकारात्मक रूपमा नै लिनुपर्छ । पछिल्लो समय भलिबल खेलका प्रतियोगिताहरू कत्तिको आयोजना भइरहेका छन् ?पछिल्लो समय भलिबलका प्रतियोगिताहरू दिनानुदिन बढिरहेको छ । तर, धेरै प्रतियोगिताहरू सञ्चालन गरेर मात्र यो खेलको विकास हुन्छ भन्ने पनि होइन । राष्ट्रिय खेलका घोषणा गरिसकेपछि सरकारले पनि यो खेलको विकासका लागि ठोस योजना अघि सार्नुपर्ने हुन्छ । विद्यालय स्तरदेखि नै यो खेलको विकास गर्दै लैजानु पर्ने आवश्यकता छ । अहिले नेपालमा भलिबलको राष्ट्रिय टोली मात्र छ । त्यसैले हामीले गुणात्मक विकास गर्दै लैजाने हो भने यू-१९, यू-१८ लगायतका उमेर समूहका टोलीहरू पनि बनाउनु आवश्यक छ । यसले गर्दा राष्ट्रिय टोलीका लागि पनि गतिलो 'ब्याकअप! तयार पार्न सकिन्छ । यसले दीर्घकालीन रूपमा पनि प्रतिभावान् राष्ट्रिय खेलाडी उत्पादन गर्न सजिलो हुन्छ ।यसमा नेपाल भलिबल सङ्घको भूमिका कस्तो पाउनुहुन्छ ? अहिले नेपाल भलिबल सङ्घकै भूमिकामा हामी सम्पूर्ण रेफ्री र खेलाडीहरू निर्भर भएको अवस्था छ । भलिबल सङ्घले राम्रो लिडरसिप पायो भने नै यो खेलको गुणात्मक विकास हुने हो । प्रतिभाशाली खेलाडीहरू उत्पादनमा पनि नेतृत्वको महत्त्वपूर्ण भूमिका रहन्छ । पछिल्लो समयमा राष्ट्रिय खेलको रूपमा घोषणा गरेपछि भलिबल खेलले गतिलो नतिजा पनि ल्याउन थालेको छ । प्राविधिक पक्ष र प्रशिक्षणको पाटो पनि निकै राम्रो छ । विगत २ वर्षदेखि नेपालको राष्ट्रिय टोलीले विदेशी प्रशिक्षकबाट नियमित रूपमा प्रशिक्षण पाउँदै आएको छ । भलिबल सङ्घले पाँच-सात जनाको सङ्ख्यामा अन्तर्राष्ट्रिय रेफ्रीहरु पनि उत्पादन गरेको छ ।

यसअघि भलिबल सङ्घको नेतृत्व गर्नेहरू पनि बेठिक थिएनन् । तर,समग्र रूपमा हेर्ने हो भने अहिलेको नेतृत्वसँग हामी खुसी छौं । किनभने अन्तर्राष्ट्रिय रूपमा एफआईभीबी (अन्तर्राष्ट्रिय भलिबल महासंघ) र एभीसी (एसियाली भलिबल महासंघ) सँग खुलेर छलफल गर्ने र नेपालको भलिबल खेलको विकासका लागि स्पष्ट योजनाहरू राख्न सक्ने क्षमता अहिलेको नेतृत्वसँग देख्छु ।खेलकुद सङ्घहरूमा खेलकुद विकासको भन्दा पनि राजनीतिक विषयले बढी प्राथमिकता पाउँछ भनिन्छ नि ?अन्य केही खेल सङ्घहरूमा यस्तो भइरहेको पनि देखेको छु ।मैले आफ्नै आँखाले कतिपय खेलमा राजनीति हस्तक्षेप भइरहेको देखेको छु। पहिले हाम्रो भलिबल संघमा पनि राजनीतिक प्रभाव बढी थियो रे । तर,पछिल्लो समय मैले भलिबल संघमा राजनीतिको खासै प्रभाव देखेको छैन । राजनीतिक हस्तक्षेपका कारण दिक्क मान्नुपर्ने अवस्था हामीले भोग्नु परेको छैन । व्यक्तिगत रूपमा सङ्घका कुनै पदाधिकारीको राजनीतिक दलसँग सम्पर्क होला । कुनै पदाधिकारी राजनीतिक दलमा आस्था राख्ने पनि होलान् । तर, त्यसको प्रभाव अहिले सङ्घभित्र भने देखिएको छैन । मेरो विचारमा कुशल खेल पदाधिकारीले राजनीतिकर्मीलाई समेत खेलकुद क्षेत्रको विकासमा परिचालन गर्न सक्नुपर्छ ।

पछिल्लो समय भलिबल खेलमा प्रायोजकको अवस्था कस्तो छ ?मैले बुझेसम्म प्रायोजकहरू भित्राउने विषय नेतृत्वको क्षमतामा भर पर्छ ।विश्व खेलकुदलाई नै हेर्ने हो भने पनि प्रायोजकहरू नै खेलकुद विकासका मेरुदण्ड हुन् । पछिल्लो पटक नेपाल भलिभल सङ्घले पनि विभिन्न प्रतियोगिता आयोजना गर्दा प्रयोजकहरूको गतिलै उपस्थित रहेको देखिन्छ । त्यसमा पनि नेपालको सबैभन्दा ठुलो अन्तर्राष्ट्रिय प्रतियोगिता 'काभा विमेन्स प्रतियोगिता' आयोजना गर्दा पनि प्रायोजकहरूले निकै रुचि देखाएको पाइन्छ । खासमा खेल सङ्घका पदाधिकारीको खुबी भनेकै कुनै पनि प्रतियोगिता आयोजना गर्दा प्रायोजकहरूले कत्तिको चासो देखाउँछन् भन्ने कुरामा भर पर्छ । हाम्रो देशको अहिलेको अवस्था पनि शतप्रतिशत सरकारको मुख ताकेर बस्ने छैन ।अहिलेको नेतृत्वले आफ्नै क्षमतामा हरेक तीन-तीन महिनामा

बाँकी तेस्रो पृष्ठमा........